नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग

५४२७८८५ महानिर्देशक
dg@gri.gov.np
हरिहरभवन, ललितपुर, नेपाल

पत्र संख्या: २०८२।०८३
चलानी नं :

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामार्फत मालवस्तु (रेडिमेड कपडा) को अवैध ओसारपसार गरी प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजस्व समेत नतिरी नबुझाई राजस्व छली गरेको कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी जिल्ला पर्सा, वीरगञ्ज म.न.पा.वडा नं.२५ बस्ने ओदी साहको नाति रुदल साह कलवारको छोरा वर्ष ५६ को दिलिप साह समेत ३ जना विरुद्ध सम्मानित बारा जिल्ला अदालतमा मिति २०८२।१२।३० गते अभियोग पत्र दायर गरिएको छ।

जिल्ला पर्सा, वीरगञ्ज म.न.पा.वडा नं.२५ बस्ने ओदी साहको नाति रुदल साह कलवारको छोरा वर्ष ५६ को दिलिप साह, जिल्ला रौतहट फतुवा विजयपुर न.पा.वडा नं.११ बस्ने मेघु खाँको नाति अनत प्रसाद खाँको छोरा वर्ष २८ को राजु प्रसाद खान र जिल्ला बारा, करैयामाई गा.पा.वडा नं.०५ बस्ने जङ्गली चौधरीको नाति राजेन्द्र चौधरीको छोरा वर्ष २५ को सन्तोष चौधरी समेतले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई नियमानुसार तिर्नु/बुझाउनु पर्ने राजस्व रकम नतिरी/नबुझाई भन्सार छली चोरी पैठारी गरी मालवस्तु (तयारी कपडा) नेपाल भित्र्याई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीत कार्य गरी ऐ. ऐन को दफा ४ को खण्ड (ख) र (छ) मा उल्लिखित कसूर गरेको देखिँदा उक्त कसूरमा निज प्रतिवादी दिलिप साहलाई बिगो गणना अनुसार बिगो रु.२,३६,८५,८५१।- (अक्षरेपीः दुई करोड छत्तीस लाख पचासी हजार आठ सय एकाउन्न रुपैयाँ) मात्र बिगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम बिगो जफत गरी बिगोको शत प्रतिशत जरिवाना हुन तथा ऐ. ऐनको दफा २३(१)(ख) बमोजिम कैद सजाय हुन र अर्का प्रतिवादीद्वय राजु प्रसाद खान र सन्तोष चौधरीले उक्त राजस्व चुहावट गर्न अर्काको भि.सि.टि.एस. प्रयोग गरी मालवाहक ट्रकमा बरामद सामानहरु लोड गरी चोरी निकासी तथा ओसारपसार गर्न मद्दत गरी मद्दत मतियारको भूमिका निर्वाह गरेको देखिँदा निज प्रतिवादीहरु राजु प्रसाद खान र सन्तोष चौधरीलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(३) बमोजिम मुख्य अभियुक्त दिनलिप साहलाई हुने सजायको आधा सजाय हुन तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति शुल्क भराई पाउन समेत मागदावी लिई सम्मानित बारा जिल्ला अदालत समक्ष मिति २०८२।१२।३० गते अभियोग दायर गरिएको छ।

२०८३/०१/०२

मितिः २०८३ वैशाख ०२ गते बुधबार।
नेपाल संवत्: ११४६

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक